बैठक संख्या: १८
मितिः२०८२/१०/०६
समयः११:०० बजे
सिंजा गाउँपालिका नराकोट,जुम्ला

उक्त मिति, समय र स्थानमा सिंजा गाउँपालिकाका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल ज्यू को अध्यक्षतामा तपसिलमा उल्लेखित कार्यपालिका सदस्यहरुको समेत उपस्थितिमा बसेको बैठक देहाय बमोजिमका निर्णय गरियो ।

तपसिल

| क्र.सं. | दर्जा | नामथर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | पूर्ण प्रसाद धिताल | | |
| २ | उपाध्यक्ष | सितली रोकाया | | |
| ३ | वडा नं.१ अध्यक्ष | हरिनन्द आचार्य | | |
| ४ | वडा नं.२ अध्यक्ष | तिर्थ वड | | |
| ५ | वडा नं.३ अध्यक्ष | सुरथ बहादुर रावत | | |
| ६ | वडा नं.४ अध्यक्ष | रन्जित बुढा | | |
| ७ | वडा नं.५ अध्यक्ष | कृष्ण बहादुर रोकाया | | |
| ८ | वडा नं.६ अध्यक्ष | लाल बहादुर बुढा | | |
| ९ | कार्यपालिकासदस्य | राजपुरा दमाई | | |
| १० | कार्यपालिकासदस्य | रुपकेउडा विष्ट | | |
| ११ | कार्यपालिकासदस्य | दन्ता कामी | | |
| १२ | कार्यपालिकासदस्य | मागी वड | | |
| १३ | कार्यपालिकासदस्य | हरिचन्द्र सार्की | | |
| १४ | कार्यपालिकासदस्य | मोती दमाई | | |
| १५ | नि.प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | सुर्य अधिकारी | | |

**प्रस्ताव नं १ माथी छलफल** गर्दा सिंजा गाउँपालिकामा आगामी आ व २०८३/०८४ मा उच्च मूल्य कृषिवस्तु उत्थानशिल कार्यक्रम (R-HVAP) अन्तर्गत कृषि पर्यावरणिय (Agro ecological cluster) खेतीका लागी सिंजा गाउँपालिका वडा नं १, २ र ३ लाई छनौट गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २ माथी छलफल** गर्दा सिंजा गाउँपालिकाको आ व २०८२/०८३ को स्वीकृत बहुक्षेत्रीय पोषण योजना कार्यक्रम अन्तर्गत सूनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारका लागी आयआर्जन सुधार कार्यक्रममा "बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२" अनुरुप सिंजा गाउँपालिका वडा नं १ को डिग्रा टोलमा विपन्न, दलित र सूनौला हजार दिनका आमाहरुको संख्या बढी भएको हुदा सोही अनुसार सिंजा गाउँपालिकाको वडा नं ०१ को डिग्रा टोलका २५ जनालाई छनौट गरि कार्यक्रम सञ्चालनका लागी सिफारिस सहित सिंजा गाउँपालिमा पठाउने भनी निर्णय पारित गरियो ।

**प्रस्ताव नं ३ माथी छलफल** गर्दा सिंजा गाउँपालिका पशुपंक्षी विकास शाखाको आ व २०८२/०८३ को स्वीकृत बहुक्षेत्रीय पोषण योजना कार्यक्रम अन्तर्गत **सूनौला हजार दिनका आमाहरुलाई पोषण प्रवर्द्धनका लागी कुखुरा वितरण कार्यक्रम**मा विपन्न, न्यून आय भएका, दलित भित्रका सूनौला हजार दिनका आमाहरुलाई सिंजा गा पा वडा नं १ देखी ६ सम्मका प्रत्येक वडाबाट १०/१० जना छनौट **गर्दा सूनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारका लागी आयआर्जन सुधार कार्यक्रम र कृषि तर्फको करेशावारी प्रवर्द्धन कार्यक्रम**का लाभान्वित आमाहरुलाई नदोहोर्याई कार्यक्रम सञ्चालनका लागी वडा कार्यालयको सिफारिस सहित सूनौला हजार दिनका आमाहरु छनौट गरी पठाउने भनी निर्णय पारित गरियो ।

प्रस्ताव नं ४ माथी छलफल गर्दा सिंजा गाउँपालिका कृषि विकास शाखाको आ व २०८२/०८३ को स्वीकृत बहुक्षेत्रीय पोषण योजना कार्यक्रम अन्तर्गत **सूनौला हजार दिनका आमाहरुलाई करेशाबारी प्रवर्द्धन सम्बन्धिको तालिम तथा बिउबिजन र कृषि सामाग्री वितरण कार्यक्रम**मा सिंजा गाउँपालिका वडा नं १ देखी ६ भित्रका ५/५ जना गरी ३० जना सूनौला हजार दिनका विपन्न, न्यून आय भएका, विपन्न आमाहरुलाई छनौट **गर्दा सूनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारका लागी आयआर्जन सुधार कार्यक्रम र पशुसेवा शाखाको पोषण कार्यक्रममा** लाभान्वित आमाहरुलाई नदोहोर्याई कार्यक्रम सञ्चालनका लागी वडा कार्यालयको सिफारिस सहित सूनौला हजार दिनका आमाहरु छनौट गरी पठाउने भनी निर्णय पारित गरियो ।

प्रस्ताव नं ४ माथी छलफल गर्दा सिंजा गाउँपालिकाको आ व २०८२/०८३ को स्वीकृत बहुक्षेत्रीय पोषण योजना कार्यक्रम अन्तर्गत **बाल पोषण भत्ता वितरणको समयमा अभिभावकहरुलाई बाल पोषण भत्ताको उपयोग सम्बन्धि अभिमूखीकरण तथा पोषण सरसफाई सामाग्री वितरण कार्यक्रममा** सिंजा गाउँपालिका वडा नं १ देखी ६ भित्रका ४/४ जना गरी जम्मा २४ जना २ बर्षभन्दा माथी ५ बर्षभन्दा मूनीका बालबालिकाका अभिभावक तथा आमाहरुलाई छनौट गरी वडा कार्यालयको सिफारिस सहित आमा तथा अभिभावकलाई छनौट गरी पठाउने भनी निर्णय पारित गरियो ।